निर्णयहरुः

१ मन्थली माध्यमिक विद्यालयको मन्थलीको सन्दर्भमा स्थानीय अभिभावक श्री पाण्डव सुवेदीले मिति २०७८/४/१ मा नगरपालिकामा आवश्यक कारवाहीका लागि दिएको निवेदन उपर नगर शिक्षा समिति मन्थलीले मिति २०७८/४/१० गते स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्न गठन गरेको स्थलगत छानविन समितिले मिति २०७८४/३२ मा पेश गरेको प्रतिवेदन ग्रहण गर्दै उक्त स्थलगत छानविन समितिका संयोजक एवं सदस्यहरुलाई धन्यवाद दिने ।

२ मन्थली मा.वि मन्थलीमा मिति २०७६/१०/२६ गते भएको विद्यालय ब्यवस्थापन समितिको गठन प्रकृयाको सन्दर्भमा विभिन्न समयमा परेको निवेदनका उपर नगर शिक्षा समितिमा पटक पटक छलफल भएको र तत्कालिन परिस्थितिलाई मध्यनजर गरी सहजिकरण समितिले सिफारीस गरेको विद्यालय व्यवस्थापन समितिलाई स्वीकार गरेको परिप्रेक्ष्यमा कानूनी रुपमा प्रकृयागत त्रुटिहरु भएको भए पनि तत्कालिन अवस्थामा आम सहमति भै- निर्माण भएकोले प्रतिवेदनले औल्याईएका विषयहरुलाई कार्यान्वयन गर्ने सम्बन्धमा विद्यालय ब्यवस्थापन समितिलाई जिम्मेवारी दिने ।

३ स्थलगत अनुगमन समितिको प्रतिवेदनले औल्याएका विषयहरु अक्षरस कार्यान्वायनका लागि मन्थली मा.वि,विद्यालय ब्यवस्थापन समितिलाई निर्देशन दिने ।

४ विद्यालयले स्थलगत अनुगमन समितिले औल्याएका विषयहरु कार्यान्वयन गरी प्रगति विवरण नगर शिक्षा समितिको आगामी बैठकमा पेश गर्ने ।

५ स्थलगत अनुगमन प्रतिवेदन प्रतिलिपि विभिन्न ब्यक्ति एवं निकायहरुबाट सूचनाको हकको प्रयोग गरी माग भएको सन्दर्भमा प्रतिवेदनको सार संक्षेपको प्रति उपलब्ध गराउने र जिल्ला प्रशासन कार्यालय रामेछापमा सार संक्षेप सहित प्रतिवेदनको मूल कपिको प्रतिलिपि उपलब्ध गराउने ।